महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज ,दैलेख
कर्णाली प्रदेश, नेपाल

प.स.- २०८१/०८२
च.नं.

Website:Mahabumun.gov.np
E-mail:info@mahabumun.gov.np

मिति:२०८२।०३।२९

**जनप्रतिनिधि र कर्मचारीले आर्थिक वर्ष २०८१।०८२ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी सूचना।।**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) निजामति सेवा ऐन, २०४९ को दफा ५४ तथा निजामती सेवा नियमावली, २०५० को नियम ११८ को उपनियम (१), कर्णाली प्रदेश स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन, २०८१को दफा ८६, कर्णाली प्रदेश स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन नियमावली, २०८१ को नियम ७९ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका सम्पुर्ण जनप्रतिनिधि/पदाधिकारी र कर्मचारीहरुले आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको विवरण बुझाउनुपर्ने व्यवस्था रहेको हुँदा महाबु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत/बहाल कर्मचारी तथा जनप्रतिनिधि देहाय बमोजिम गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

१. नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ बैशाख को नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना बमोजिम सम्पत्ति विवरण फाराम भरी तोकिएको निकायमा पेश गर्ने ।

२. यस गाउँपालिका अन्तर्गत कार्यरत स्थायी शिक्षकहरुले तोकिएको ढाँचामा सम्पत्ति विवरण फाराम भरि देहायको विवरण खाम बाहिर लेखि राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउने ।

**आर्थिक वर्ष २०८१/०८२ को सम्पति विवरण**

| | |
|---|---|
| शिक्षकको संकेत सिटरोल नं. | कार्यरत विद्यालयको नाम र ठेगाना: |
| शिक्षकको नामथर: | कार्यरत विद्यालयमा हाजिर भएको मिति: |
| तह: | कार्यरत प्रदेश: |
| श्रेणी: | कार्यरत जिल्ला: |
| मोबाईल नं. | कार्यरत स्थानीय तह: |

**पेश गरिएको निकाय: राष्ट्रिय किताबखाना (शिक्षक)**

३. यस गाउँपालिका हाल वहाल जनप्रतिनिधि/पदाधिकारीहरुले तोकिएको ढाँचामा देहायको विवरण खाम बाहिर लेखि महाबु गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालयमा पेश गर्ने ।

**आर्थिक वर्ष २०८१/०८२ को सम्पति विवरण**

| | |
|---|---|
| नाम थरः | प्रदेशः |
| जिल्लाः | स्थानीय तहको नामः |
| हालको पद/दर्जाः | वडा नं. |
| मोबाईल नं. | ईमेल ठेगानाः |

**पेश गरिएको निकायः महाबु गाउँपालिका मार्फत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत**

४. निजामति सेवामा कार्यरत रहि यस गाउँपालिकामा कामकाजमा रहेका कर्मचारी, निजामति सेवा र स्वास्थ्य सेवाबाट कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस गाउँपालिकामा समायोजन भएका कर्मचारीहरुले साविक बमोजिम नै तोकिएको ढाँचामा सम्पत्ति विवरण फाराम गरि देहायको विवरण खाम बाहिर लेखि राष्ट्रिय किताबखाना (निजामति) मा नै सम्पत्ति विवरण बुझाउने

**आर्थिक वर्ष २०८१/०८२ को सम्पत्ति विवरण**

| | |
|---|---|
| क. कर्चारीको संकेत नं. | ङ. श्रेणी/तहः |
| ख. नाम, थरः | च. कार्यरत कार्यालयः |
| ग. पद/दर्जाः | छ. मोबाईल नं. |
| घ. सेवा/समूहः | ज. ई-मेल ठेगानाः |

**पेश गरिएको निकायः राष्ट्रिय किताबखाना (निजामति)**

५. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस गाउँपालिकामा समायोजन भएका अन्य सेवाका कर्मचारी, लोक सेवा आयोगबाट आ.व. २०७५/०७६ मा भएको विज्ञापन र सो पश्चात कर्णाली प्रदेश लोकसेवा आयोगबाट विज्ञापन भई स्थानीय तहमा नियुक्ति भई हाल यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुले तोकिएको ढाँचामा सम्पत्ति विवरण फाराम भरि देहायको विवरण खाम बाहिर लेखि महाबु गाउँपालिका, गाउँपालिकाको कार्यालयंमा पेश गर्ने ।

# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज ,दैलेख
कर्णाली प्रदेश, नेपाल

प.स.- २०८१/०८२
च.नं.

Website:Mahabumun.gov.np
E-mail:info@mahabumun.gov.np

**आर्थिक वर्ष २०८१/०८२ को सम्पत्ति विवरण**

| | |
|---|---|
| क. कर्मचारी संकेत नं. | ङ. श्रेणी/तहः |
| ख. नाम, थरः | च. कार्यरत कार्यालयः |
| ग. पद/दर्जाः | छ. मोबाईल नं. |
| घ. सेवा/समूहः | ज. ई-मेल ठेगानाः |

**पेश गरिएको नियकायः महाबु गाउँपालिका मार्फत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।**

६. यस महाबु गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारी, शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुले तोकिएको ढाँचामा सम्पत्ति विवरण फाराम भरि देहायको विवरण खाम बाहिर लेखि महाबु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

**आर्थिक वर्ष २०८१/०८२ को सम्पत्ति विवरण**

| | |
|---|---|
| क. नाम, थरः | ङ. कार्यरत स्थानीय तहः |
| ख. श्रेणी/तहः | च. कार्यरत कार्यालयः |
| ग. पद/दर्जाः | छ. मोबाईल नं. |
| घ. सेवा/समूहः | ज. ई-मेल ठेगानाः |

**पेश गरिएको निकायः महाबु गाउँपालिका मार्फत मुख्ममन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत**

.............................
(उदयराज उपाध्याय)
प्रमुख प्रशासकीय अधिकृत